# विद्यालयमा कृषि फार्म स्थापना तथा कृषक पाठशाला संचालन सहयोग कार्यविधि, २०७५

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

गण्डकी प्रदेश

पोखरा. नेपाल

## विद्यालयमा कृषि फार्म स्थापना तथा कृषक पाठशाला संचालन सहयोग कार्यविधि,२०७५

**प्रस्तावना**

विद्यालयहरुमा कृषि फर्म स्थापना गरी कृषि विषय अध्ययनरत् विद्यार्थीहरुलाई कृषि अनुसन्धान र प्रविधिहरुको परिक्षणमा दक्ष बनाई उनिहरूको ज्ञान, सीप तथा धारणामा सकारात्मक परिवर्तन गराई स्थानीय कृषकहरुलाई सहजरुपमा उन्नत प्रविधिहरु उपलब्ध गराउनु आवश्यक देखिएको सन्दर्भमा गण्डकी प्रदेशको आ.ब. २०७५।७६ को वार्षिक बजेटमा समावेश भएको विद्यालयमा कृषि फार्म स्थापना तथा कृषक पाठशाला संचालनलाई पारदर्शी र प्रभावकारी बनाउनको लागि कार्यविधि बनाई कार्यक्रम संचालन गर्न बान्छनीय भएकोले भूमि ब्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले यो कार्यबिधि तयार गरी लागु गरेको छ ।

### परिच्छेद १
### प्रारम्भिक

**१ संक्षिप्त नाम र प्रारम्भ**

क) यो कार्यविधिको नाम विद्यालयमा कृषि फार्म स्थापना तथा कृषक पाठशाला संचालन सहयोग कार्यविधि, २०७५ हुनेछ ।

ख) यो कार्यविधि गण्डकी प्रदेश, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालबाट स्वीकृत भएपछि तुरून्त लागू हुनेछ ।

**२ कार्यविधि लागू हुने क्षेत्र**

यो कार्यविधि गण्डकी प्रदेशभर लागू हुनेछ । विशेष गरी कृषि विषय अध्यापन गराई रहेका कम्तिमा माध्यामिक तहका विद्यालयमा लागू हुनेछ ।

**३ परिभाषा :** विषय र प्रसंगले अर्को अर्थ नलागेका यस कार्यविधिमा,

क) **विद्यालय** भन्नाले कृषि सम्बन्धी विषय अध्यापन गराउने सरकारी स्वामित्वमा रहेका कम्तिमा माध्यामिक तहका विद्यालयहरुलाई जनाउँछ जहाँ विद्यार्थीहरु कृषि सम्बन्धी ज्ञान तथा सीपहरु सिक्दछन ।

ख) **कृषि फार्म** भन्नाले कृषि विषय अध्यापन गराउने विद्यालयहरुको स्वमित्वमा रहेको वा विद्यालयले लिजमा लिएको जग्गालाई जनाउँछ जहाँ कृषि विषय अध्ययनरत् विद्यार्थीहरुले कृषि क्षेत्रका उन्नत प्रविद्यिहरुको प्रयोग परीक्षण तथा अनुसन्धान गर्दछन ।

ग) **कृषक पाठशाला** भन्नाले २०-२५ जना विद्यार्थीको समूह बनाई कुनै एउटा निश्चित वालीको वीउ रोपेदेखि उत्पादन नलिएसम्म वाली तथा रोगकीरा व्यवस्थापन सम्बन्धी सम्पूर्ण सैद्धान्तिक तथा प्रयोगात्मक ज्ञान तथा सीपहरु लिनका लागि स्थापना गरिने फिल्डलाई कृषक पाठशाला भनिन्छ ।

घ) **आई पि एम** भन्नाले एकीकृत शत्रुवजीव व्यवस्थापनलाई जनाउँछ । जसमा रोग तथा कीराहरुको व्यवस्थापन तथा नियन्त्रण कुनै एएटा विधिबाट मात्र नगरी जैविक, भौतिक तथा रासायनिक विधिहरुको एकीकृत प्रयोग गरी गरिन्छ । रोग तथा कीराहरुको नियन्त्रण गर्ने यो तरीका वातावरणीय तथा मानव स्वाध्यका लागि सुरक्षित मानिन्छ ।

ङ) **अनुदान** भन्नाले यस कार्यविधि अनुरुप विद्यालयमा कृषि फार्म र कृषक पाठशाला संचालन गर्नका लागि उपलब्ध गराईने नगद अनुदान रकम सम्झनु पर्दछ ।

च) **मन्त्रालय** भन्नाले प्रदेश सरकार, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई सम्झनु पर्दछ ।

छ) **निर्देशनालय** भन्नाले गण्डकी प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय अन्तरगत रहेको कृषि विकास निर्देशनालय सम्झनु पर्दछ ।

ज) **कृषि ज्ञान केन्द्र** भन्नाले कृषि विकास निर्देशनालय अन्तरगत् रहेको जिल्लास्थित कृषि प्रविधि तथा प्रसार सेवा उपलब्ध गराउने सरकारी निकाय भन्ने सम्झनु पर्दछ ।

झ) **समिति** भन्नाले परिच्छेद ३ को दफा ९ अनुसार गठित समिति सम्झनु पर्दछ ।

**४. कार्यक्रमको उद्देश्यहरु**

क) कृषि विद्यालयहरुमा कृषि फार्म स्थापना गरी कृषि अनुसन्धान तथा प्रविधि परीक्षण कार्य संचालन गर्ने ।

ख) कृषि विद्यालयमा अध्ययनरत् विद्यार्थीलाई कृषि प्रविधि परीक्षण तथा प्रदर्शन कार्यमा संलग्न गराई उनीहरुको ज्ञान तथा सीप बृद्धि गर्न सहयोग गर्ने ।

ग) कृषि विद्यालयमार्फत आधुनिक प्रविधिहरु स्थानीय कृषकहरुलाई उपलब्ध गराउन सहयोग गर्ने ।

## परिच्छेद २

### ५. कृषि फार्म स्थापना तथा कृषक पाठशाला संचालन विधि

#### क) विद्यालय कृषि फार्म स्थापना

कृषि विषय अध्यापन गराउने विद्यालयहरुले प्राप्त अनुदान रकमबाट विद्यालयमा कृषि फार्म स्थापना गरी तरकारी, फलफूल, च्याउ, पुष्प, मौरी आदिका आधुनिक प्रविधि प्रयोग गरी नमूना ब्लकहरु स्थापना गर्नेछन्। सम्बन्धित विद्यालयको आफ्नै वा लिजमा लिएको जमिनलाई विभिन्न ब्लकमा विभाजन गरी हरेक वालीका छुट्टा छुट्टै प्लट स्थापना गरी उन्नत प्रविधि परीक्षण तथा अनुसन्धान कार्यहरु संचालन गर्नुपर्नेछ । स्थापना हुने वालीका ब्लकहरुमा विद्यार्थीहरुले अध्ययन गर्ने वा हुने विषयहरुसंग मेल खाने तथा स्थानीयस्तरको माटो र हावापानी सुहाउँदो कृषक उपयोगी प्रविधि परीक्षण तथा भेरिफिकेशन कार्यहरु संचालन गर्नुपर्नेछ ।

अनुसन्धान तथा प्रविधि परीक्षण कार्यमा विद्यार्थीहरु प्रत्यक्षरुपमा सहभागी भई सिक्ने सिकाउने कार्य गर्नु पर्नेछ । नमूना प्रविधि प्रदर्शन तथा परीक्षण स्थलहरुमा स्थानीय कृषकहरुले सहज रुपमा प्रवेश र अवलोकन गर्न पाउने व्यवस्था मिलाउनु पर्नेछ। कृषि विद्यालयले संचालन गर्ने कृषि फर्मको स्वरुप र क्षेत्रफल अनुसूची १ उल्लेख गरे बमोजिम हुनेछ ।

सम्बन्धित विद्यालयहरुले संचालन गरेको प्रदर्शन वा परीक्षणबाट प्राप्त नतिजालाई प्रकाशन गरी स्थानीय विद्यालयको पुस्कालयमा राख्ने र सम्बन्धित कृषकहरुलाई उपलब्ध गराउनु पर्ने छ।

सम्बन्धित विद्यालयहरुले अनुदानमा संचालन गरेका प्रदर्शन ब्लकबाट उत्पादन भएका कृषि वस्तुहरु विक्रीबाट प्राप्त आम्दानीलाई कृषि प्रविधि प्रदर्शन तथा परीक्षण विस्तार र विकासमा कार्यमा नै खर्च गर्नु पर्नेछ ।

**ख) विद्यालय कृषक पाठशाला संचालन विधि र प्रक्रिया**

कृषि विषय अध्ययनरत् विद्यार्थीहरुको वाली व्यवस्थापन तथा रोगकीरा नियन्त्रण सम्बन्धी ज्ञान तथा सीप बृद्धि गर्ने हेतुले विभिन्न वालीहरुमा कृषक पाठशाला संचालन गर्नुपर्ने छ । सम्बन्धित विद्यालयहरुले कुनै एउटा निश्चित वालीमा कृषक पाठशाला संचालन गर्नका लागि सम्बन्धित ज्ञान केन्द्रले उपलब्ध गराएको कृषक पाठशाला सहजर्ताको सहयोग र सल्लाह बमोजिम कृषक पाठशाल संचालन गर्नु पर्दछ । कृषक पाठशाला सहजकर्ताले कृषक पाठशाला संचालन निर्देशिका बमोजिक पाठशाला संचालन गर्न गराउनु पर्दछ ।

**ग) कृषि फार्म मेनेजर तोक्नु पर्ने**

सम्बन्धित विद्यालयहरुले कृषि फार्म संचालनका लागि एक जना फार्म मेनेजर तोक्नु पर्नेछ । फार्म मेनेजर हुने व्यक्ति कम्तिमा पनि कृषि विषयमा स्नातक पास गरेको हुने पर्नेछ । उक्त मेनेजरलाई कृषि फार्म व्यवस्थापनको सम्पूर्ण जिम्मा दिनु पर्दछ ।

## परिच्छेद ३
## विद्यालय छनोटका आधार र छनोट विधि

**६. विद्यालय छनोटका आधार**

क) कृषि विषय अध्यापन गराउने कम्तिमा माध्यामिक तहको सामुदायिक वा सरकारी स्वामित्वमा रहेको विद्यालय हुनु पर्नेछ ।

ख) कृषि फार्म तथा कृषक पाठशाला संचालन हुने जग्गा आफ्नै स्वामित्वको हुनु पर्ने वा कम्तिमा पनि १५ वर्षका लागि लिजमा लिएको घटीमा पनि २० रोपनी जग्गा हुनु पर्नेछ ।

ग) कृषि फार्म तथा कृषक पाठशाला संचालनको लागि विद्यालय प्रमुख तथा विद्यालय व्यवस्थापन समितिको लिखित सहमति हुनु पर्नेछ ।

**७. विद्यालयको दायित्व**

क) कृषि फार्म र कृषक पाठशाला संचालन तथा व्यवस्थापन गर्नका लागि कृषि विषयमा स्नातक गरेको एक जना मेनेजर वा संयोजक तोक्नु पर्दछ ।

ख) कृषि फार्म तथा कृषक पाठशालाबाट प्रविधि प्रदर्शन र परीक्षणबाट प्राप्त नतिजलाई स्थनीय स्तरमा विस्तार गराउनु पर्नेछ ।

ग) कृषि फार्म तथा कृषक पाठशाला संचालन पश्चात त्यसलाई निरन्तरता दिने प्रतिबद्धता हुनु पर्ने ।

**८. प्रस्ताव माग गर्न सूचना प्रकाशन**

क) यस कार्यविधि अनुरुप कृषि विषय अध्यापन गराउने तथा कृषि फार्म र कृषक पाठशाला संचालन गर्न ईच्छुक विद्यालयबाट सम्बन्धित कृषि ज्ञान केन्द्रले सार्वजनिक सूचना प्रकाशित गरी दरखास्त वा ईच्छा पत्र माग गर्नेछ ।

ख) इच्छुक विद्यालयले अनुसूची १ बमोजिमको फार्म स्वरूप र न्यूनतम क्षेत्रफल अनुसारको आवश्यक कागजात सहित अनुसूची ५ बमोजिमको प्रतिवद्धता पत्र र अनुसूची ३ बमोजिमको अवेदन फारम संलग्न राखी सम्बन्धित कृषि ज्ञान केन्द्रमा दरखास्त वा ईच्छा पत्र पेश गर्न सक्नेछन ।

## ९. छनोट समितिको गठन

कृषि फार्म स्थापना र कृषक पाठशाला संचालनका लागि अनुदानका प्राप्त गर्न दिएको दरखास्त वा प्रस्तावलाई मूल्यांकन र सो सम्बन्धी व्यबस्थाका लागि ज्ञान केन्द्रमा देहाय बमोजिम छनोट समिति गठनको व्यबस्था गरिएको छ । यस कार्यविधि अनुरुप अनुदान दिने निर्णय गर्ने समिति हुनेछ ।

क) वागवानी विकास अधिकृत, ज्ञान केन्द्र—संयोजक

ख) कृषि प्रसार अधिकृत, ज्ञान केन्द्र—सदस्य

ग) वाली संरक्षण अधिकृत, ज्ञान केन्द्र—सदस्य सचिव

उपरोक्त समिति गठनका लागि अधिकृत (हरू) उपलब्ध नभएको वा रिक्त भएको अवस्थामा कार्यालयमा उपलब्ध प्राविधिक सहायक वा नायव प्राविधिक सहायक राख्न सकिने छ। समितिले बैठकमा आवश्यकता अनुसार अन्य विषय विशेषज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

## १०. छनोट समितिको काम, कर्तव्य र अधिकार

क) यस कार्यविधि अनुसार पेश हुन आएका दरखास्त वा प्रस्तावमा समाबेश गरिएका कागजातहरू अनुसूची ४ बमोजिमको मूल्यांकनको आधारमा मूल्यांकन गरी विद्यालय छनोट स्वीकृतीका लागि कार्यालय प्रमुख समक्ष सिफारिस गर्ने ।

ख) कृषि फार्म स्थापना र कृषक पाठशाला संचालनको किस्ता (हरु) उपलब्ध गराउन सिफारिस गर्ने ।

ग) कृषि फार्म स्थापना र कृषक पाठशाला संचालनको अनुगमन गरी प्रतिवेदन पेश गर्ने ।

घ) छनोट, मूल्यांकन तथा कार्यक्रम सम्बन्धि अन्य आवश्यक कार्यहरू गर्ने ।

# परिच्छेद ४

# सम्झैता र अनुदान प्रबाह विधि

## ११. सम्झैता र अनुदान प्रबाह विधि

क) समितिबाट छनोट भइ अनुदानका लागि स्वीकृत प्राप्त विद्यालयहरूले कृषि फार्म स्थापना र कृषक पाठशाला संचालन कार्यका लागि अनुसूची ६ बमोजिमको द्विपक्षीय सम्झौता गरी सम्बन्धित कृषि ज्ञान केन्द्रले अनुदानको रकम उपलब्ध गराउनेछन्।

ख) अनुदान उपलब्ध गराउदा अनुदान प्राप्त गर्ने विद्यालयले यसै कार्यविधिको दफा ६ र ७ मा उल्लेख भएका आफूले पालना गर्नु पर्ने दायित्व अनिवार्य रुपमा पुरा गर्नुपर्नेछ ।

ग) कृषि फार्म स्थापना र कृषक पाठशाला संचालन कार्यका लागि कुल हुने लगानीको बढीमा ८५ प्रतिशत अनुदान उपलब्ध गराईनेछ । कृषि फार्म स्थापना र कृषक पाठशाला संचालनका लागि लाग्ने बाँकी १५ प्रतिशत बराबरको रकम विद्यालयले आफैले व्यवस्था गर्नेछ । उक्त रकम

प्राविधिक जनशक्ति र अन्य जनश्रमदानको रुपमा व्यवस्था गर्न सक्नेछ । प्रस्तावको आधारमा एउटा विद्यालयलाई बढीमा १० लाखसम्म अनुदान उपलब्ध हुनेछ ।

घ) अनुदान प्राप्त हुने रकमको अधिकतम ३ (तीन प्रतिशत) रकम कन्टिन्जेन्सी बापत राखिनेछ र सो रकम सूचना प्रकाशन, स्टेशनरी, अनुगमन, बैठक भत्ता, प्रस्ताव मूल्याङ्कन, पारिश्रमिक आदिमा खर्च गरिनेछ।

ङ) सम्बन्धित विषयको प्राविधिक प्रतिवेदन वा समितिको सिफारिस सहित कार्यप्रगतिको आधारमा अनुदान रकम सम्बन्धित अनुदानग्राहीको बैंक खातामार्फत बढीमा ३ किस्तामा उपलब्ध गराईनेछ ।

च) कार्यक्रम सम्पन्न भई सकेपछि सोको सञ्चालन एवं व्यवस्थापन गर्ने सम्पूर्ण जिम्मेवारी सम्बन्धित विद्यालयहरूको हुनेछ ।

## परिच्छेद ५
## अनुगमन र विविध

**१२. अनुगमन व्यवस्था**

क) कृषि फार्म स्थापना र कृषक पाठशाला संचालन कार्यको अनुगमन मन्त्रालय, निर्देशनाल र सम्बन्धित कृषि ज्ञान केन्द्रले गर्ने छन् ।

ख) मन्त्रालय वा निर्देशनालले यस कार्यविधि अनुरुप संचलनमा रहेको कृषि फार्म स्थापना र कृषक पाठशाला संचालन र सो सम्बन्धी कार्यको अनुगमन निरीक्षण गरी निर्देशन दिन सक्नेछ ।

ग) अनुगमन तथा निर्देशन लिखित अभिलेख/ प्रतिवेदन कृषि ज्ञान केन्द्रले सुरक्षित राख्नु पर्नेछ ।

घ) सम्बन्धित निकायले दिएको निर्देशन पालना गर्नु सम्बन्धित विद्यालयको कर्तव्य हुनेछ ।

ख) कार्यक्रम संचालन गर्ने निकायले आवधिक रूपमा प्रगित प्रतिवेदन माथिल्लो निकायमा प्रेशित गर्नुपर्नेछ।

**१३. कारबाहीको व्यवस्था**

क) सम्झौता अनुरुप काम नगर्ने विद्यालयलाई केन्द्रले अनुदान सहयोग रोक्का गर्न सक्नेछ ।

ख) यस कार्यविधी अनुरुप अनुदानको दुरुपयोग गरेमा वा रकमको हिसाब नबुझाउने विद्यालयलाई प्रचलित कानुन बमोजिम कारवाही गरी असुल उपर गरिनेछ ।

**१४. बाधा अड्चन र निरुपणः** यस कार्यविधि कार्यान्वयनमा केही बाधा व्यवधान आईपरेमा वा विवाद उत्पन्न भएमा सोको निरुपण मन्त्रालयले गर्नेछ ।

**१५. संशोधनः** यस कार्यविधिमा कुनै प्रकारको संशोधन गर्न परेमा मन्त्रालयले आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।

**१६. प्रचलित कानून बमोजिम हुनेः** यस कार्यविधिमा उल्लेख भएका विषयहरू यसै बमोजिम तथा अन्य विषयहरू प्रचलित कानून बमोजिम हुनेछन् ।

## अनुसूची १

## कृषि फर्मको स्वरुप र क्षेत्रफल

**(क) अन्न, तेलहन र दलहन वाली प्रदर्शन/परीक्षण ब्लक**

- यसमा अन्नवाली धान, मकै, गहुँ, कोदो, तोरी आदिका जातिय प्रदर्शन वा परीक्षण, मलखाद उपयोग परीक्षण, रोगकीराको व्यवस्थापन तथा नियन्त्रण प्रदर्शन वा परीक्षण जस्ता कार्यहरु संचालन गर्नेछन ।
- अन्नवाली प्रदर्शन कार्यक्रम संचालन क्षेत्रफल कम्तिमा ५ रोपनी हुनेछ ।

**(ख) तरकारी प्रदर्शन/परीक्षण ब्लक**

- तरकारी ब्लकमा विभिन्न तरकारीका जातिय प्रदर्शन वा रोगकीराको व्यवस्थापन तथा नियन्त्रण प्रदर्शन वा परीक्षण, तरकारीमा थोपा सिंचाई, प्लाष्टिक घर , एग्रीनेट घर आदि नयाँ प्रविधिको प्रयोग प्रदर्शन परीक्षण संचालन गर्नेछन् ।
- तरकारी वाली प्रदर्शन कार्यक्रम संचालन क्षेत्रफल कम्तिमा ५ रोपनी हुनेछ ।

**(ग) फलफूल प्रदर्शन/परीक्षण ब्लक**

- स्थानीय हावापानी सुहाउदो विभिन्न फलफूल जस्तैः केरा, लिची,  मेवा, भुईकटहर, सुन्तला, कागती आदिलाई उत्पादन प्रदर्शन ब्लकको रुपमा लगाउने छन् ।
- तरकारी वाली प्रदर्शन कार्यक्रम संचालन क्षेत्रफल कम्तिमा ५ रोपनी हुनेछ ।

**(घ) च्याउ प्रदर्शन/परीक्षण ब्लक**

- यस ब्लकमा व्यवसायिक च्याउ उत्पादन घरहरु निर्माण गरी उन्नत प्रविधि प्रयोग गरी प्रदर्शन संचालन गर्नेछन् ।
- **च्याउ** खेती प्रदर्शन कार्यक्रम संचालनमा कम्तिमा ३ च्याउ घरहरु निर्माण भएको हुनु पर्ने ।

**(ङ) IPM तथा झोलमोल तयारी र परीक्षण**

**(छ) अन्य वालीका प्रदर्शन/परीक्षण ब्लक**

- सम्बन्धित विद्यालयहरुले स्थानीय ठाउँको हावापानी, माटो र भौगोलिक अबस्था बमोजिम कृषिसंग सम्बन्धित अन्य वालीवस्तुको प्रदर्शन वा परिक्षण ब्लक स्थापना गर्न सक्नेछ ।

## अनुसूची २

## कृषि फार्म स्थापना र कृषक पाठशाला संचालन लागि प्रस्ताव आवह्वाको सूचना

सूचना ।। सुचना ।। सूचना ।।

यस .............. को आ.ब. .......... को वार्षिक स्वीकृत कार्यक्रम अनुसार कृषि फार्म स्थापना र कृषक पाठशाला संचालन लागि इच्छुक कृषि विषय अध्यापन गराउने माध्यमिक विद्यालयहरुबाट प्रस्ताव पेश गर्नका लागी यो सूचना प्रकासित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशित भएको मितीले ३० दिनभित्र यस .......... तोकिएको ढाचामा (अनुसूची ३ अनुसारको निवेदन र कागजातहरू) संलग्न राखी आवेदन आब्हान गरिन्छ । प्रस्ताब बुझाउनका लागी तथा थप जानकारीका लागी ........मा सम्पर्क गर्नु सक्नु हुनेछ।

**थप जानकारीका लागि सम्पर्कः**

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेश र मातहतका निकायहरु

Email- molmacprovince4@gmail.com

Website – molmac.p4.gov.np,

फोन नं ०६१-४६७७०८

## अनुसूची ३

आवेदन फारम

श्रीमान .................. ज्यू, मितिः

**विषयः कृषि फार्म स्थापना र कृषक पाठशाला संचालन लागि अनुदान सम्बन्धमा।**

महोदय,

प्रस्तुत विषयमा तहाँ केन्द्रबाट कृषि फार्म स्थापना र कृषक पाठशाला सञ्चालनका लागि अनुदान उपलब्ध गराउने कार्यक्रमका लागि यस विद्यालयले सञ्चालन गर्ने कृषि फार्म स्थापना र कृषक पाठशाला संचालनका लागि माग भए बमोजिमको दरखास्त लागि जम्मा रकम रु......................../-(अक्षेरुपी ....... .......................................................) को व्यवसायिक योजना तयार गरी आवश्यक अन्य काजगातहरुसहित अनुदान सहयोगको लागि पेश गरेको ब्यहोरा अनुरोध गर्दछु ।

व्यवसायिक योजनामा उल्लेख भएको कुल बजेटमध्ये तहाँ केन्द्रबाट नियमानुसार उपलब्ध हुने अनुदान रकम रु ......................./ ( अक्षेरुपी...... ............................) बाहेकको अन्य रकम (**आवेदक संस्थाको नाम** ).... ........................ले नगद तथा जिन्सी एवं श्रमदान गरी रु......................./ (अक्षेरुपी.... ............) बराबरको योगदान गर्न सहमत रहेको हुदा तहाँ केन्द्रबाट उपलब्ध गराउने अनुदान रकम पाउँ भनी अनुरोध छ । साथै तपिशल अनुसारका कागजातहरु यसै निवेदनसाथ संलग्न राखी पेश गरेको व्यहेरा अनुरोध छ ।

**संलग्न कागजातहरु**

१. रु १० को टिकट टाँसेको अनुसूची १ अनुसारको निवेदन
२. विद्यालय दर्ता तथा नविकरण ।
३. कृषि विषय अध्यापनको अनुमति पत्र र अन्य प्रमाणहरु ।
४. कृषि विषय अध्ययन गर्ने विद्यार्थीहरुको विवरण ।
५. विद्यालयको जमिनको लालपूर्जाको प्रतिलिपी पत्र वा लिजमा लिएको जग्गाका हकमा सम्झैता ।
६. कृषि फार्म स्थापना र कृषक पाठशाला संचालनको व्यवसायिक योजना ।

निवेदक

नामः

ठेगानाः

छापः

## अनुसूची ४

## कृषि फार्म स्थापना र कृषक पाठशाला सञ्चालनका लागि अनुदान उपलब्ध गराउनका लागि प्रस्ताव मूल्याङ्कन फारम

| सि नं | छनोटको आधार | प्राप्त हुने अंक |
|---|---|---|
| १ | **विद्यालयमामा रहेको जग्गाको क्षेत्रफल** | **२०** |
| | (क) आफ्नै स्वामित्वमा वा लिजमा लिएको, २० रोपनी वा सो भन्दा धेरै | २० |
| | (ख) आफ्नै स्वामित्वमा वा लिजमा लिएको, २० रोपनी वा सो भन्दा कम | ० |
| २ | **विद्यालयबाट पेश भएको कार्य योजना** | **३०** |
| | (क) अति उत्तम | ३० |
| | (ख) उत्तम | २० |
| | (ग) सामान्य | १० |
| ३ | **अनुदान पश्चात कृषि फार्म र कृषक पाठशाला निरन्तरता हुने अबस्था** | **२०** |
| | (क) विद्यालयको पर्याप्त श्रोत साधन भएको | २० |
| | (ख) पर्याप्त श्रोत नभएको | १० |
| | (ग) श्रोत नै नभएको | ० |
| ४ | **विद्यालयमा अध्ययनरत विद्यार्थीको संख्या** | **२०** |
| | (क) अध्ययनरत विद्यार्थीको संख्या ३० वा सो भन्दा बढी रहेको | २० |
| | (ख) अध्ययनरत विद्यार्थीको संख्या ३० भन्दा कम रहेको | १५ |
| | (ग) अध्ययनरत विद्यार्थीको संख्या २० भन्दा कम रहेको | १० |
| ५ | **प्रध्यापन गराउने शिक्षकको अबस्था** | **१०** |
| | (क) वि एसी गरेका २ जना भन्दा धेरै शिक्षक भएका | १० |
| | (ख) वि एसी गरेका २ वा सो भन्दा धेरै शिक्षक भएका | ५ |
| | (ग) वि एसी गरेका १ जना पनि शिक्षक नभएका | ० |
| | **जम्मा** | **१००** |

## अनुसूची ५

## प्रतिवद्धता पत्र

तँहा …….. ले मिति २०७…./ …./ ….को पत्र माफर्त माग भए अनुसार कृषि फार्म स्थापना र कृषक पाठशाला सञ्चालनका लागि कार्ययोजना सहितको आवेदन पेश गरेको छु छौं । उक्त कार्ययोजना उल्लेख भए बमोजिमको कार्य अनुदानको रकम पश्चात पनि निरन्तरता दिनेछु/छौं । कार्ययोजना अनुसारको कार्य नगरेमा वा बन्द गरेमा गण्डकी प्रदेश सरकारबाट प्राप्त अनुदान रकम फिर्ता गर्ने प्रतिबद्धता ब्यक्त गर्दछु/छौं अन्यथा ऐन कानुन बमोजिम सहुँला/बुझाउँला । इतिसम्बत २०७…../ …./ …..गते रोज …… शुभम् ।

नाम :

ठेगाना :

दस्तखत :

| दाँया | बाँया |
|---|---|
| | |

मिति :

संस्थाको छाप :

## अनुसूची-६

## <u>सम्झौता-पत्र</u>

१. यो सम्झौता .... .... (प्रथम पक्ष) र .... .... (दोश्रो पक्ष) बीच कृषि फार्म स्थापना र कृषक पाठशाला सञ्चालनका सम्बन्धी कार्यक्रम सञ्चालनका लागि प्रयोग हुनेछ ।

२. सम्झौता भएको मितिदेखि यस सम्झौता प्रारम्भ भएको मानिनेछ ।

३. दोश्रो पक्षले सम्झौतामा उल्लेख भए बमोजिमका कार्यहरु सम्झौता भएको मितिले १५ दिनभित्र शुरु गर्नुपर्नेछ ।

४. सम्बन्धित विषयको प्राविधिक प्रतिवेदन वा समितिको सिफारिस सहित कार्यप्रगतिको आधारमा अनुदान रकम सम्बन्धित अनुदानग्राहीको बैंक खातामार्फत बढीमा ३ किस्तामा उपलब्ध गराईनेछ ।

५. अन्तिम किस्ता भुक्तानी गर्ने सम्बन्धमा छनोट समिति मूल्याङ्कन गरी अन्तिम बील सहितको सम्पन्न प्रतिवेदन तयार गरी दोश्रो पक्षले प्रथम पक्षसँग अनुरोध गर्नु पर्नेछ र प्रथम पक्षले सम्पूर्ण प्रतिवेदन तथा बीलहरु प्राप्त भएको १५ दिनभित्र भुक्तानीको आवश्यक व्यवस्था मिलाउनेछ ।

६. कृषि फार्म स्थापना र कृषक पाठशाला सञ्चालनका सम्बन्धी कार्यक्रमहरु चालु अ.ब. भित्र सम्पन्न गर्नुपर्नेछ ।

७. दोस्रो वर्षदिख सम्बन्धित कृषि फार्म तथा कृषक पाठशाल संचालन कार्यलाई निरन्तरता दिनु पर्नेछ ।

८. यस सम्झौतामा उल्लेख भएका नियमहरु यसै बमोजिम र यसमा उल्लेख नभएका नियमहरु प्रचलित नियम कानुन बमोजिम लागू हुनेछ ।

| | |
|---|---|
| .............................. | ................................ |
| प्रथम पक्षका तर्फबाट | दोश्रो पक्षका तर्फबाट |
| नामः | नाम : |
| पदः | पद : |
| संस्थाको नाम र छापः | फर्मको नाम र छापः |